का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १९६
❒ १५ भदौं २०७८, मंगलबार
❒ 31 August 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

# बैठक मात्रै बस्छ बालुवाटार !

सरकार बनेको डेढ महिना भइसकेपनि प्रधानमन्त्री शेरबहादुर देउवाले अझै मन्त्रिपरिषद् बिस्तार गर्न सकेका छैनन् । तर, यो डेढ महिनाको अवधिमा सत्तारुढ गठबन्धनको बैठक लगभग सबै दिन बसेको छ, बालुवाटारमा ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ भदौं ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्र निर्वाचित भएको डेढ महिना भइसक्यो । तर अहिलेसम्म प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् समेत बिस्तार गर्न सकेका छैनन् । नेपाली काँग्रेसबाट दुई (बालकृष्ण खाँण र ज्ञानेन्द्रबहादुर कार्की) र नेकपा माओवादी केन्द्रबाट दुई (जनार्दन शर्मा र पम्फा भुसाल) मन्त्री छन् । यी चार मन्त्रीले प्रधानमन्त्रीसँगै शपथ लिएका थिए । यसपछि प्रधानमन्त्री देउवाले गएको १० साउनमा स्वास्थ्य राज्य मन्त्री नियुक्त गरे ।



बालुवाटारमा सोमबार बसेको सत्ता गठबन्धनको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवा सहित नेताहरु । तस्बिरः रासस

तर प्रधानमन्त्री देउवाले सत्ता गठबन्धनका नेताहरुसँग परामर्श नगरी मन्त्री नियुक्त गरेको आरोप लाग्यो । प्रधानमन्त्री देउवाले पनि आइन्दा त्यस्तो नगर्ने प्रतिबद्धता जनाए । अहिले प्रधानमन्त्री देउवाले गर्ने कामबारे न्यूनतम साझा कार्यक्रम बनेको छ । नेताहरुका अनुसार, केन्द्र देखि स्थानीय तहसम्मै सरकारलाई निर्देशन गर्नेगरी संयन्त्र बन्दैछ । तर मन्त्रालयहरुले विभागीय मन्त्री नपाएको भने दुई महिना नाघिसक्यो ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्कै २० मन्त्रीहरुलाई ६ जेठ र ८ असार गरी सर्वोच्च अदालतले पदमुक्त गरेको थियो । सरकारबाट बाहिरिदै गर्दा ओलीसँग पनि चार जना मात्रै मन्त्री थिए । उनीहरुलाई नै पाँच/पाँच मन्त्रालय हेर्नेगरी जिम्मेवारी दिइएको थियो ।

तर अहिले प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार पनि गरेका छैनन् र सवै मन्त्रालय आफैले चलाइरहेका छन् । यसको कारण भने सत्ता साझेदार दलहरुबीच कुरा मिल्न नसक्नु नै हो । तर बैठक भने हरेक दिनजस्तो बसिरहेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मन्त्रिपरिषद् बिस्तार लगायतबारे दिनहुँ बैठक बस्ने, तर कुनै निष्कर्ष भने ननिस्कने नियति कायमै छ ।

सोमबार पनि बालुवाटारमा सत्ता गठबन्धनका नेताहरुको बैठक बस्यो । बैठकमा काँग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाका शीर्ष नेता बीच छलफल भयो । आइतबार त बिहान र बेलुका नै बैठक बसेको थियो । आइतबारकै बैठकको निरन्तरता सोमबार पनि बस्यो ।

बाँकी पृष्ठ २ मा

# प्रतिबद्धता हुन्छ कार्यान्वयन हुँदैन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ भदौं ।

अघिल्ला सरकारले जस्तै वर्तमान सरकारले पनि संक्रमणकालीन न्याय छिट्टै टुंग्याउने प्रतिबद्धता गरेको छ । बेपत्ता पारिएका पीडितको अन्तर्राष्ट्रिय दिवसको अवसरमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पीडितले चाँडै न्याय पाउने बताए ।

"पीडितले न्यायको प्रतीक्षा गरेको लामो समय भयो, यो समस्यालाई चाँडा भन्दा चाँडो समाधान गर्नुपर्ने जरुरी छ" मन्त्री कार्कीले भने । मन्त्री कार्कीले समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए । आयोगको समय थप गरिएको र आयोगलाई आवश्यक पर्ने स्रोत साधनमा सरकारले सहयोग गर्ने बताए । मन्त्री कार्कीसँगै उभिएर सांसद रामनारायण बिडारीले पनि व्यक्ति बेपत्ता पार्ने कार्य मानवता विरुद्धको अपराध भएको हुनाले त्यस्ता व्यक्तिको पहिचान गरी कारबाही गर्नुपर्ने बताए । उनले पीडितलाई न्याय दिने काममा ढिलाइ गर्न नहुने बताए ।

> शान्ति सम्झौताको १४ वर्ष भइसक्दा पनि सम्झौताअनुरुप बेपत्ता सार्वजनिक हुन सकेनन् ।

अर्थात् यसवर्ष पनि बेपत्ता पारिएका नागरिकहरुको आफन्तहरुलाई आश्वस्त पार्नेगरी प्रतिबद्धता जनाइएको छ । तर पीडितले न्याय भने पाएका छैनन् । नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्व पछिको विस्तृत शान्ति, सम्झौताको बुँदा नम्बर ५, २ र ३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धको समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ ।

विस्तृत शान्ति, सम्झौताकै बुँदा नम्बर ५, २ र २ मा आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवैपक्ष मञ्जुर गर्दछन् भनिएको छ । शान्ति सम्झौताको १४ वर्ष भइसक्दा पनि सम्झौताअनुरुप बेपत्ता

बाँकी पृष्ठ २ मा

# सबै प्रकारका भिसामा विदेशीलाई प्रवेश दिने यूएईको निर्णय

## नेपालको विमानस्थलमा भिजिटमा जानेको भिड बढ्न थाल्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ भदौ

खाडी मुलुक यूएईले नेपालसहित सबै देशबाट वैदेशिक रोजगारी, भ्रमण तथा पारिवारिक भिसा खुला गरेको छ । यूएईले सोमबार अगस्ट ३० देखि लागू हुने गरी विश्वका सबै मुलुकका नागरिकहरुका लागि इम्प्लाईमेन्ट, टुरिष्ट र पारिवारिक भिसा खुला गरेको खालिज टाइम्सले जनाएको छ । कोरोना भाइरसविरुद्धको खोप लगाउनेको संख्या बढेको र संक्रमणको दर कम भएपछि यूएईले रात्रीकालीन गतिविधिहरुलाई पनि खुकुलो बनाएको छ ।

यूएईले नेपालसहित बंगलादेश, कंगो, भारत, लाईबेरिया, नामिविया, नाइजेरिया पाकिस्तान, सियरा लियोन, श्रीलंका, दक्षिण अफ्रिका, युगाण्डा, भियतनाम र जाम्बियाका नागरिकलाई यूएई प्रवेशमा लामो समयदेखि रोक लगाएको थियो ।

यूएई यात्रा गर्ने विदेशी यात्रुले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले प्रमाणित गरेको कुनै पनि खोप लगाएको, उडान भर्ने बेला अनिवार्यरुपमा विमानस्थलमा पीसीआर परीक्षण गरी रिपोर्ट नेगेटिभ, क्युआर कोड सहितको रिपोर्ट र यूएईले प्रयोग गरिरहेको 'अल होस्न' एप्लिकेसनको आइसीए डाउनलोड गरी रजिष्टर्ड गरेको हुनुपर्ने शर्त तोकेको छ ।

नेपालमा भने यूएईको भिजिट भिसा खुला नहुँदै नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भिजिट भिसामा जानेहरुको भीड बढेको बताइएको छ । विगतमा जस्तै नेपाली कामदारहरु भिजिट भिसामा पठाएर कमाउन पल्केका नेपालका केही एयरलाइन्स तथा ट्राभल एजेन्सी र केही म्यानपावर कम्पनीहरु हाल पनि सक्रिय रहेको श्रोतले मध्यान्हलाई बतायो ।

दैनिक सयौं युवाहरुलाई सेटिङमार्फत विदेश पठाउने गरिएकोमा करिब दुई महिनाअघि केही युवाहरुलाई विमानस्थलबाट फर्काइएपछि दलाल र कर्मचारीको साँठगाँठ बाहिर आएको हो । विदेशस्थित नेपाली दूतावासहरुमा पेश भएका मागपत्र विभिन्न वहाना बनाएर प्रमाणीकरण गर्न रोक्ने र विमानस्थलबाट भिजिट भिसामा पठाउने गिरोह शक्तिशाली भएका कारण विमानस्थलबाट मानव तस्करी नरोकिएको श्रोतले बतायो । विभानस्थलमा एक लाख रुपैयाँ घुस दिनुपर्ने भन्दै दलालहरुले प्रतिव्यक्ति ४ देखि ५ लाख रुपैयाँसम्म उठाउने गरेको बताइएको छ ।

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा कोरोनाबाट एक नेपालीको मृत्यु

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि मलेसियामा रहेका एक नेपाली कामदारको कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट मृत्यु भएको छ । मोरङको बेलवारीका राम बहादुर धिमालको कोरोना संक्रमणले आइतबार ज्यान गएको हो । उनी मलेसियाको पेनाङमा रहेको पानी उत्पादक कम्पनीमा कार्यरत रहेका थिए ।

कोरानो संक्रमण देखिएपछि पेनाङको अस्पतालमा भर्ना गरिएका उनको उपचारका क्रममा मृत्यु भएको जनाइएको छ । उनका श्रीमति, एक छोरी र एक छोरा रहेको बताइएको छ । कोरोना भाइरसका कारण मृत्यु हुनेहरुको मलेसियामा नै अन्तिम संस्कार गर्ने गरिएको छ । मलेसियाले कामदारहरुलाई कम्पनीमा नै कोभिडविरुद्धको खोप दिने कार्यक्रम लागू गरेको छ ।


## कर्मचारी आवश्यकता

यस हवाइट हर्स रिक्रुटमेण्ट प्रा.लिका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

VACANCY

1. PRO ( Male/Female) - 1
2. Documentation (Male/Female) - 1
(स्पेशल कतारको लागि)
3. Receptionist (Female) - 1

तलब आपसी समझदारीमा

अनुभवः कम्तीमा २ देखि ५ वर्षसम्म मेनपावर फिल्ड सम्बन्धी अनुभव भएको ।

श्रम इजाजत पत्र नं. १५०२/०७४/०७५
White Horse Recuitment Pvt. Ltd.
Sinamangal, Kathmandu

## कर्मचारी चाहियो

यस सि.डि. ह्युमन रिसोर्सेज प्रा.लिका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- PRO - 3 (Male/Female)
  - स्पेशल साउदी अरब सम्बन्धी कामको लागि।
  - मेनपावर फिल्डमा कम्तीमा ३ वर्ष अनुभव भएको।
- Receptionist - 1 (Female)
  - कम्प्युटरमा दक्ष हुनुपर्नेछ ।
  - नेपाली तथा अंग्रेजी बोल्न र लेख्न सक्ने हुनुपर्नेछ ।

★ तलब आपसी सहमतिमा

Gov. Lic. No. 1048/073/74
C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu
Mob.: 9851010834 Tel.: 01-4586262
Email: cdhr004@gmail.com
URL : www.cdhr.com.np




+977 1 4217600, 4430600
4425800 (Fax)
info@imeremit.com.np
facebook/imeremit
www.imeremit.com.np

Toll Free 16600 151515 For NTC Users
Phone +977 1 4217600, 4217601 For Other Users

# मन्त्रीद्वारा बलात्कृत भएको भनिएकी महिला भन्छिन्– म बलात्कृत भएकी छैन

**षडानन्द अधिकारी/मध्यान्ह**
सुर्खेत, १४ भदौ



कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री कुर्मराज शाहीद्वारा बलात्कृत भनिएकी पीडित महिलाले आफु बलात्कृत नभएको बताएकी छन् । शुभकालिका गाउँपालिका ८ कालीकोट सेजुवालवाडाकी पीडित महिला मिमसरा महताराले सोमबार सुर्खेतमा पत्रकार सम्मेलन कार्यक्रमको आयोजना गरी आफूमाथि कुनै बलात्कार नभएको, बरु विभिन्न ढंगबाट बलात्कृत बनाएर पीडा दिइएको प्रतिक्रिया दिइन् ।

'मलाई जुन विषयमा मन्त्री र मेरो नाम जोडेर बलात्कार गरेको झुट आरोप लगाइएको छ, यो सरासर गलत हो । मेरो व्यक्तिगत जीवनमा कसैले चरित्र हत्या गर्न खोज्छ भने म उसैको नाममा चिठी लेखेर मर्छु र सोही मिडिया जवाफदेही हुनेछ भनेर समाचार आउने बित्तिकै लेखिसकेको थिएँ,' उनले भनिन् ।

महताराले अगाडि भनिन्, 'म पीडित भएको मलाई नै थाहा छैन । बिना कारण मलाई आज नखाएको विष लागेको छ । न म अन्यायमा छु न त म बलात्कृत महिला हो । ममाथिको बलात्कारको विषय थियो भने मलाई किन सोधिएन र एक कल फोन किन गरिएन ? अनुमति बिना अर्काको समाचार लेख्न पाइन्छ र ? यदि म बलात्कृत हो भने पत्रकार र सामाजिक सञ्जालले जबरजस्ती बलात्कृत बनाउँदै छन् ।'

हामी बुढाबुढी सुर्खेत कोठामै रहँदा रहँदै हामीलाई थाहा नदिई अन्याय परेको बनाएर आइतबार युवा संघ, अनेरास्ववियुका विद्यार्थीले गरेको आन्दोलनप्रति आपत्ति जनाउँदै आफ्नो इज्जतलाई साधन बनाएर राजनीतिक स्वार्थ पुरा गर्न खोजिएको उनको आरोप थियो । यही कारणले आफ्नो जीवन केही भए त्यसमा स्वयं मिडिया र व्यक्ति जवाफदेही हुने उनको चेतावनी थियो ।

पीडितका पति आयुष सेजुवालले आफ्नो श्रीमतीलाई गोटी बनाएर रिस साँध्न र राजनीतिक लाभ लिन खोजिएको आरोप लगाए । 'यस विषयमा कसैलाई समाचार लेख्न भनेर गुहारेको छैन । हामीले (मेरो श्रीमतीले) मलाई बलात्कार भएको छैन भन्दा अरुलाई किन टाउको दुख्यो ?' सेजुवालले भने, 'मेरो श्रीमतीसँग कृषिमन्त्रीको अनैतिक सम्बन्ध भनेर जुन भिडियो बनाइएको छ, त्यो फेक हो, फर्जी हो । विश्वास नलागे त्यसलाई राम्रोसँग जाँच्दा हुन्छ ।'

उनले मन्त्री र आफ्नो श्रीमतीबीच बाबु छोरीको सम्बन्ध रहेको दाबी गरे । श्रीमतीको चरित्र हत्या गरेर मन्त्रीको मानहानी गर्ने काम खेदजनक भएको टिप्पणी गर्दै सेजुवालले डिप्रेशनमा गएको परिवारलाई शान्ति सुरक्षाका साथ बाँच्न दिन र अब आगामी दिनमा त्यस्ता अफवाहका समाचार सम्प्रेषण नगरिदिन आग्रह गरे ।

# सार्वजनिक सेवा र प्रभावकारिता विषयमा मुसिकोटको सार्वजनिक सुनुवाइ

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, १४ भदौ

मुसिकोट नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । नगरपालिका र नगरअन्तर्गत रहेका शाखाहरुले आर्थिक वर्ष २०७७/७८ मा प्रवाह गरेका सार्वजनिक सेवा र प्रभावकारिता विषयमा सार्वजनिक सुनुवाइ गरिएको हो ।

मुसिकोट नगरपालिकाको आयोजना तथा नेपाल पत्रकार महासंघ गुल्मीको सहजिकरणमा आँपचौर प्राविधिक सभाहलमा सम्पन्न भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा सेवाग्राही, नागरिक, उपभोक्ता समिति, राजनीतिक दल, विषयगत शाखाहरुका प्रमुख एवं प्रतिनिधिहरुले गुनासा तथा टिप्पणी र सुझावहरु राखेका थिए ।

कार्यक्रममा नेकपा एमालेका प्रतिनिधि अग्नीधर लोहोनीले बेरुजु नियन्त्रण र कम गर्नका लागि नगरपालिका गम्भिर भएर लाग्नुपर्ने धारणा व्यक्त गरे । त्यस्तै नेपाली कांग्रेसको तर्फबाट ज्ञानहरी सापकोटाले प्रतिपक्षसँग समन्वय नभएको गुनासो गरे । उनले नगरपालिकाले अनुदानमा वितरण गरेका कृषि उपकरणहरुको प्रयोग र अवस्थाका बारेमा अनुगमन गर्नुपर्ने तथा नदी किनारा क्षेत्रमा तटबन्धको व्यवस्थापन गर्नुपर्ने सुझाव दिए ।

समाजसेवी राम बहादुर थापाले अस्वस्थ र अशक्त जेष्ठ नागरिकहरुलाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने बताए । त्यस्तै विष्णु खातिले भुपू सैनिकहरुलाई पनि सामाजिक सुरक्षा भत्ता वितरण गरिँदै आएकोमा बीचमा रोकिएकोप्रति गुनासो पोखे ।

ग्लोबल आईएमई बैंक वामी शाखाका प्रबन्धक माधव उपाध्यायले लाभग्राहीले समयमा जानकारी नपाउँदा बैंकमा जम्मा भएको सामाजिक सुरक्षा भत्ता फिर्ता हुने गरेकाले यस विषयमा नगरपालिकाले गम्भिर भएर सोच्नुपर्ने बताए । त्यस्तै नेकपा एमाले नगरकमिटी इन्चार्ज जीवन खरेलले नागरिकहरुबाट अन्य समयमा पनि आएका गुनासाहरुलाई सम्बोधन गरी बाँकी रहेको कार्यकालमा पनि अझै प्रगति गर्न सुझाव दिएका थिए । कार्यक्रमका सहभागीहरुले बेरुजु,सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएका समस्या,घर जग्गा नक्सापास, उपभोक्ता समिति र निर्माण व्यवसायीहरुको काम कर्तव्य र अधिकार,बजार अनुगमन नभएको, निर्माणाधीन कतिपय सडक आयोजनाहरु ठेकेदार कम्पनीले काम नगरिदिँदा नागरिकले सास्ती भोग्नु परेको, मुसिकोट वडा नं २ का पहिरो पीडितहरुको स्थानान्तरण,गौरवका आयोजना,एक घर एक धारा,बाल विकास केन्द्रका शिक्षकहरुलाई सरकारले निणर्य गरेको तलब कार्यान्वयन,लघुजलविद्युत क्षेत्रले भोग्नुपरेका सास्ती,वामी बजारको फोहर नउठेको लगायतका विषयमा गुनासाहरु राखेका थिए ।

नागरिकहरुबाट प्राप्त भएका गुनासाहरुको सम्बोधन प्रमुख जवाफदेहीवक्ताको रुपमा नगरप्रमुख सोमनाथ सापकोटा र त्यस्तै जवाफदेही वक्ताको रुपमा उपप्रमुख कमला शर्मा र प्रमुख प्रशाशकीय अधिकृत खिमानन्द भुषालले गरेका थिए । कार्यक्रममा आर्थिक वर्ष २०७७/७८ मा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका गुनासा, प्रतिक्रिया र सुझावहरुलाई सम्बोधन गर्ने क्रममा जवाफदेही वक्ता प्रमुख प्रशाशकीय अधिकृत खिमानन्द भुषालले नगरपालिकाले यस आर्थिक वर्षमा वित्तीय क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको बताए । उनले कर्मचारी अभावका कारण कतिपय कार्यसम्पादनका विषयमा असहज भएपनि मुसिकोट नगरपालिकाको सुशासन र विकासका लागि प्रतिबद्ध रहने बताए । त्यस्तै नगरउपप्रमुख कमला शर्माले कोभिडका कारण न्यायिक समितिमा कम उजुरी परेका र उजुरी परेका मुद्दाहरु फर्छ्यौट गर्न पनि कठिनाइ भएको बताइन् । त्यस्तै उनले कोभिडकै कारण बजार अनुगमन गर्न पनि नसकिएको भन्दै व्यवसायीहरुलाई जिम्मेवार बन्न र उद्योग वाणिज्य संघले पनि आफ्नो कर्तव्य निर्वाह गरी नगरपालिकासँग समन्वय गरेर अगाडि बढ्न आग्रह गरिन् । कार्यक्रममा प्रमुख जवाफदेही वक्ताको रुपमा समग्र उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै नगरप्रमुख सोमनाथ सापकोटाले बेरुजुलाई अनियमितताकै रुपमा नबुझ्न आग्रह गर्दै कतिपय कागजी प्रक्रिया नपुगेका र रुजु हुन बाँकी रहेका योजनाका कारण बेरुजु आएको र त्यसलाई रुजु गर्ने काममा नगरपालिका गम्भीर भएर लागेको बताए । नगरप्रमुख सापकोटाले राज्यको नीति र पद्धती नै व्यवहारिक नहुँदा कतिपय काममा कठिनाइ भएको भएपनि नगरपालिका समृद्धिको बाटोतर्फ उन्मुख हुँदै गएको दाबी गरे ।

# बाँकेको खजुरा गाउँपालिका वडा नं १ बालविवाह मुक्त

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज (बाँके), १४ भदौ

बाँकेको खजुरा गाउँपालिका वडा नं १ लाई 'हामी सबैको प्रतिवद्धता : बालविवाहविरुद्धको साझा प्रतिवद्धता' भन्ने मूल नाराका साथ आइतबार एक समारोहका बीच बालविवाह मुक्त घोषणा गरिएको छ ।

वडा नं १ मा गरिएको सर्वेक्षण अनुसार २० प्रतिशत भन्दा तल अर्थात १६ दशमलव १२ प्रतिशत बालविवाहको अवस्था रहनुका साथै बालविवाह सम्बन्धी रणनीति जारी, बाल संरक्षण नीति लागू, बालविवाह मुक्त अभियान संचालन निर्देशिका, बाल अधिकार संरक्षण समिति पालिका, वडा र विद्यालय स्तरमा क्रियाशील रहेको लगायतका मापदण्ड पूरा भएकाले वडा नं १ लाई बाल विवाह मुक्त घोषणा गरिएको हो ।

वडा नं १ की कार्यवाहक अध्यक्ष फत्तेकुमारी जैसीले वडालाई बालविवाह मुक्त वडा घोषणा तथा प्रतिवद्धता पढेर सुनाएपछि खाजुरा गाउँपालिका अध्यक्ष किस्मत कुमार कक्षपतिले उक्त प्रतिवद्धता पत्र वडालाई हस्तान्तरण गरेका थिए ।

घोषणा सभालाई सम्बोधन गर्दै खजुरा गाउँपालिका प्रमुख कक्षपतिले अभियानमा साथ दिने संघसंस्थाहरुलाई धन्यवाद दिँदै बालविवाह शुन्यमा झार्न सबैको उत्तिकै दायित्व रहेको बताए ।

उनले खजुरालाई नमुना गाउँपालिका बनाउने अभियान अन्तर्गत नमुनाको एउटा सूचक बालविवाहमुक्त पालिका हुनुपर्ने भएकाले वडापछि पालिकालाई घोषणा गर्ने अभियानमा रहेको उल्लेख गरे । कार्यक्रममा खजुरा गाउँपालिका उपाध्यक्ष एकमाया विकले २० वर्ष पुगेपछि मात्र विवाह गर्नुपर्ने कुरामा जोड दिइन् ।

खजुरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालले बालविवाहलाई पूर्णरुपमा निरुत्साहित गर्न एकदम जरुरी रहेकोले सरोकारवाला निकायले सक्रिय रुपमा लाग्नुपर्ने बताए ।

प्लान नेपाल, स्याक नेपाल, बाल क्लव संजाल, किशोरी क्लव, युवा क्लव लगायतको सहकार्यमा वडा नं १ लाई बालविवाह मुक्त वडा घोषणा गर्न सफल भएको खजुरा गाउँपालिका महिला तथा बालबालिका शाखा प्रमुख सुशीला न्यौपानेले बताइन् ।

खजुरा गाउँपालिका वडा नं १ का कार्यवाहक अध्यक्ष जैसीको अध्यक्षतामा भएको कार्यक्रममा बालविवाह अन्त्य अभियानमा लागेका पत्रकार शंकर प्रसाद खनालले बालविवाह मुक्त वडा बनाउन गरिएका प्रयास तथा अवस्था अध्ययन प्रतिवेदन सार्वजनिक गरेका थिए भने स्याक नेपालका अध्यक्ष शिवलाल पाण्डेले बालविवाह मुक्त अभियानमा निरन्तर सहकार्य हुने बताउँदै खजुराबाट अभियानको शुरुवता भएकोमा प्रशंसा गरे ।

यसअघि वडा नं १ को वडा कार्यालयबाट सन्देशमूलक न्याली निकाली मैटहवा माध्यमिक विद्यालयमा पुगेर सभामा परिणत भएको थियो । घोषणा सभा कार्यक्रम संचालन शिक्षक सुन्दर गुरुङ र वडा नं १ की कर्मचारी मनमाया रानाले गरेका थिए । कार्यक्रममा बालविवाह मुक्त अभियानमा लागेका विभिन्न व्यक्तित्वलाई सम्मान पनि गरिएको थियो । यसअघि पहिला खजुरा गाउँपालिका वडा नं ३ लाई बालविवाह मुक्त वडा घोषणा गरिसकिएको छ ।


इन्द्रै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती सुन्दैन त्यो ।।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।।

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २००५/०३/१०

स्वर्गारोहणः वि.सं. २०७८/०५/०३

**स्व. लक्ष्मी कुमारी श्रेष्ठ**

यस प्रा.लि.का सञ्चालक श्री गंगा बहादुर श्रेष्ठकी ममतामयी माता **लक्ष्मी कुमारी श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**न्यू एस.भि. इन्टरनेशनल प्रा.लि.**
परिवार
पिंगलास्थान, गौशाला, काठमाडौं


# रामतुलसी माविमा स्कुल बस शुभारम्भ

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १४ भदौ

पूर्वाधारको अभावमा धेरै सामुदायिक विद्यालयले फड्को मार्न सकिरहेका छैनन् । प्रयाप्त भौतिक सुविधा नहुँदा नचाहदा नचाहदै गाउँका विद्यालय छाडेर शहर बजारमा आफ्ना बालबालिका भर्ना गर्न अभिभावक बाध्य छन् । सामुदायिक विद्यालय पूर्वाधारको अभावमा पछि परिरहेको अवस्थामा पाल्पा रामपुरको एक सामुदायिक विद्यालयले भने शहर बजारमा सञ्चालित विद्यालयले दिने सेवा सुविधा शुरुवात गरेपछि अभिभावक उत्साहित छन् ।

पूर्वी पाल्पामै पुरानो हाईस्कुलका नामले परिचित रामतुलसी माविले विद्यार्थीलाई मध्यनजर गर्दै स्कुल बसको शुभारम्भ गरेपछि टाढाका विद्यार्थीलाई अब गाउँकै विद्यालयमा अध्ययन गर्न सहज हुने भएको छ । सामुदायिक विद्यालयमा विद्यार्थी नियमित गराउन, विद्यालय आउन जान विद्यार्थीलाई सहज बनाउन विद्यालयले स्कुल बस सञ्चालनमा ल्याएको छ । सोमवार कृष्ण जन्माष्टमी पर्वको अवसर पारी सो बसको विधिवत् रुपमा शुभारम्भ गरिएको छ ।

विद्यालयको आन्तरिक स्रोतबाट रु १९ लाख ६० हजारको लागतमा ४५ जना विद्यार्थी अट्ने क्षमता रहेको बसको शुभारम्भ गरिएको प्रधानाध्यापक बालकृष्ण लम्सालले जानकारी दिए । "टाढाका विद्यार्थीलाई पैदल हिडेर विद्यालय आउनुपर्ने समस्यालाई मध्यनजर गरी बस सेवा सञ्चालनमा ल्याएका छौं, विद्यालयमा नियमित पठनपाठन कार्य शुरु भएपछि समय तालिका मिलाएर नियमित रुपमा घर घरमा पुगेर विद्यार्थी विद्यालयसम्म ल्याउने र विद्यालयबाट घरमै विद्यार्थी पुऱ्याउनेछौं" उनले भने । पाल्पा जिल्लामै सबैभन्दा धेरै विद्यार्थीको चाप रहेको यस विद्यालयमा अध्ययनरत केही विद्यार्थी अझैपनि दैनिक एक घण्टाको समय हिडेर विद्यालय पुग्न बाध्य छन् । तीन/चार घण्टाको पैदल दुरीमा रहेका विद्यार्थी कोठा भाडाँमा बसेर पढ्नुपर्ने अवस्था रहेको हुँदा अब ती विद्यार्थीलाई घरबाटै नियमित विद्यालय आउने जाने वातावरण बनाउन बस सेवाको थालनी गरिएको प्रधानाध्यापक लम्सालले बताए ।

स्कुल बस शुभारम्भका अवसरमा लुम्बिनी प्रदेश सभा सदस्य तथा पूर्व शिक्षक, विद्यार्थी युवराज खनालले पार्टी पौवाबाट शुरुवात भएको यस विद्यालयले अहिलेसम्म आइपुग्दा भौतिक तथा शैक्षिक क्षेत्रमा ठुलो प्रगति गरेको बताए । सबै सुविधा विद्यालयले उपलब्ध गराउने भएपछि टाढाका विद्यार्थी घरबाटै बस चढेर आउने वातावरण बनेको प्रदेश सभा सदस्य खनालको भनाई छ । साथै उनले पुराना भौतिक संचरना परिमार्जन गरी नयाँ पक्की भवन थपिदै गएको हुदा अब विद्यालयको नाममा रहेका जग्गा व्यवस्थित गर्न सिमा बाँध्ने, खेलकुद मैदानलाई विकास गर्नुपर्नेमा जोड दिए । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले समय अनुसारका शैक्षिक तथा भौतिक आवश्यकता परिपूर्ति हुँदै गर्दा अब बजारका महंगा विद्यालयमा लगेर बालबालिका पढाउनुपर्छ भन्ने भ्रम हटाउँदै रामतुलसी माविले गरेको उदाहरणीय कार्यलाई अभिभावकले अवलम्वन गर्नुपर्ने बताए । विद्यार्थी सुरक्षाको हिसावले पनि बस सेवा आवश्यक, सैद्धान्तिक रुपमा पढेका कुरामात्रै ज्ञान नभई विद्यार्थीका निम्ति विभिन्न शैक्षिक क्रियाकलाप पनि आवश्यक हुने नगर प्रमुख थापाले बताए । उनले अन्यत्र बाहिर जादा रामतुलसी माविको नाम लिदा आफुलाई गौरव लाग्ने बताए ।

रामतुलसी माविको हिजोको इतिहास खोतल्दा पार्टी, पौवाबाट अक्षराम्भ भएको विद्यालय हो । शिक्षाको उज्यालो ज्योती प्रदान गर्न विसं २०२५ मा स्थापना भएको विद्यालयमा हाल दुई हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यो पाल्पा जिल्लाकै धेरै विद्यार्थी संख्या भएको विद्यालय हो ।

## बैठक...

तर प्रधानमन्त्री एवं काँग्रेस सभापति देउवाको संयोजकत्वमा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको गठबन्धनका शीर्ष नेताहरुले मन्त्रिपरिषद् बिस्तारको टुंगो भने लगाएन । बैठकमा समसामयिक राजनीतिक विषयको समीक्षा, मूल्यांकन लगायत बारे गठनबन्धनका शीर्ष नेताहरुले सरकार सञ्चालन सम्बन्धमा प्रधानमन्त्रीलाई सुझाव दिएको नेताहरुले बताए ।

बैठकमा काँग्रेसका तर्फबाट प्रधानमन्त्री देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री खड्का, नेता कृष्णप्रसाद सिटौला, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपा केन्द्रीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई र अध्यक्ष उपेन्द्र यादवलगायत नेताहरु सहभागी थिए ।

## प्रतिबद्धता...

सार्वजनिक हुन सकेनन् । शान्ति, सम्झौताअनुरुप नै दुवैपक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारवाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गऱ्यो । सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने ।

नेपालको संविधानअनुसार दुई वर्षभित्र सम्पूर्ण कामसक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न नसकेपछि ती पदाधिकारीलाई बिदाइ गरेर नयाँ पदाधिकारी ल्याएको पनि करिब दुई वर्ष हुन लाग्यो तर पीडितले न्याय पाएको अनुभूति गर्न सकेका छैनन् ।

आयोगले दोस्रोपटक २०६७ माघ ९ गते नयाँ पदाधिकारीले पाएको हो । एक वर्षका लागि भनेर गठन गरिएको आयोगले दोस्रो वर्षसम्म पनि काम पूरा गर्ने देखिएको छैन । आयोगका पहिलो पदाधिकारीले तथ्याङ्क सङ्कलन गर्ने काम गरे ।

आयोगमा तीन हजार २४३ उजुरीमध्ये २३७ उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको थियो । त्यसमध्ये १३१ उजुरी दोहोरो परेको देखिएकाले लगतकट्टा गरिएको छ । साथै २८९ उजुरीमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारेका भन्ने नै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखिएको छ । आयोगले दुई हजार ४९६ उजुरीमा विस्तृत छानविन गरिरहेको छ । उजुरीका आधारमा दुइ हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्याङ्कमा उल्लेख छ ।

आयोगका अनुसार २७४ उजुरीमा उजुरीकर्ता बुझ्नेलगायत काम सम्पन्न भएको छ । उजुरी परेका ७५ जिल्लामध्ये ७३ जिल्लाको स्थलगत भ्रमण गरी आयोगले अनुसन्धान गरिसकेको छ भने १५ जिल्लाका १८८ परिवारका ५४० जनालाई पीडित परिचयपत्र वितरणसमेत गरिसकेको छ ।


**मर्यादपुर माध्यमिक विद्यालय**
कोटहीमाइ गा.पा.–३, मर्यादपुर, रुपन्देही

**सूचना रद्द गरिएको सम्बन्धी सूचना**

यस विद्यालयको मिति २०७८/०५/१३ गते प्रकाशित शिक्षक आवश्यकता सम्बन्धी सूचना प्राविधिक कारणले त्रुटी भएकोले रद्द गरिएको व्यहोरा यसै सूचनाद्धारा सरोकारवाला सम्पूर्णमा जानकारी गराउँदछौं ।



**Vacancy Announcement**
For A Reputed Manpower Company

**Public Relation Officer (PRO)**
Male/Female- 5
Salary: Attractive
Minimum 3 Years of Experience

Contact: 4484798, 9808095746
Purano Baneshwor, Ktm



**साउदीमा रोजगार** | १. कम्पनी : AJMAL AL FRA'ED FOR SERVING MEALS. BRANCH OF AJMAL शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०३/०६ चलानी नं.: ६०१५८९०० L.T. No.: 240669 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : TANDOORI RESTAURANT FOR INDIAN & ORIENTAL FOODS शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०३/०६ चलानी नं.: ६०१५८९०१ L.T. No.: 240668 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Food Provider | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २२ गते (7 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Lulu International Pvt. Ltd.**
Govt. Lic. No. 1035/072/073
Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637
Mob.: 9851083549, 9841301232, 9818065184

# ट्राफिक सचेतना बोर्डको दुर्दशा, नियालिरहेछन् जनप्रतिनिधि

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, १४ भदौ

ट्राफिक सचेतना बोर्ड सवारी चालकहरुका लागी अति महत्वपूर्ण बोर्ड हो । यो सवारी चालकलाई मात्र नभएर पैदल यात्रीलाई पनि उतिकै महत्वपूर्ण छ । सडकका वरिपारी राखिएका यस्ता सचेतना बोर्डहरुले दुर्घटना न्यूनीकरणको काम त गर्छनै चालकहरुलाई पनि सचेतना गर्ने काम गर्छ ।यस्तो महत्वपूर्ण बोर्डहरु बेला बेलामा फेरिरहनुपर्छ। पहिले पहिले इनामेलले जस्ताको पाता वा टिनको पातामा आकार दिएर लेखिने भएको हुनाले यसको आयु केहि लम्बिन्थ्यो । तर आजभोली प्रविधिको प्रयोगबाट फ्लेक्स मेसिनबाट निकालिएको स्टिकर र प्रिन्ट हुन्छ। यस्तो प्रकारको फ्लेक्स प्रिन्ट सस्तो, छरितो, राम्रो र आकर्षक भएपनि घामपानीले छिट्टै खुइलिने, नासिने हुन्छ । प्रविधिको प्रयोगले मानिसलाई सजिलो त बनायो । तर टिकाउ र भरपर्दो नभएका कारण बेला-बेला नफेरिए सहरनै कुरुप बनाउँछ। यसरी प्लास्टिकबाट बनेको फ्लेक्स वातावरणमैत्री पनि हुँदैनन् ।





काठमाडौं कोटेश्वरदेखि भक्तपुरको सुर्यविनायकसम्मको छ लेनको बाटोको दायाँबायाँ रहेको दुर्घटना न्यूनीकरणका लागि राखिएका ट्राफिक सचेतना बोर्डहरु ९५ प्रतिशत कामै नलाग्नेगरी खुइलिएका छन् तर सोहि बाटो सम्बन्धित निकायका कर्मचारीहरु ओहोरदोहोर गरेपनि वास्ता गर्दैनन् । यस्तो व्यस्त सडकमा खटिरहेका ट्राफिक प्रहरीको ध्यान सचेतना बोर्डमा नजानु प्रहरीनै जिम्मेवार नहुनु हो । व्यस्त सडकका ट्राफिक सचेतना बोर्डहरु कुनै खुइलिएर केहि नदेख्ने भएका, कुनै सडक दुर्घटनामा भाँचिनलागेका, कुनै स्कुल, कलेजका होर्डिङबोर्डले छपक्कै छेकिएका, कुनै चोकको नामाकरणले छेकिएका, कुनै रुखको हाँगाविगाले छेकिएका, कुनै भाँचिएर भुईमा ढलेका कुनै सवारी दुर्घटनामा परेका आदी छन् । यस्ता बोर्डहरु समयमै नफेरिदा ठूलो दुर्घटना नहोला भन्न सकिन्न ।यी ट्राफिक सचेतना बोर्डहरुमा न नगरपालिकाको ध्यान जान सक्यो ?न ट्राफिक प्रहरी कार्यालय? नत सडक डिभिजन कार्यालयको नै ? यस्ता सचेतना बोर्डहरुले सवारीचालकलाई अनुशासन त कायम गराउँछ नै, दुर्घटना न्यूनीकरणमा समेत उल्लेख्य भूमिका रहेको हुन्छ। यस्तो व्यस्त सडकमा सडकविभागको लापरबाही कहिले सम्म हो ? यो सोचनिय विषय हो ।यो सडक पूर्वको काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, जीरी, सिन्धुली, रामेछाप, लगायतका विभिन्न जिल्लामा जाने सवारीसाधन आवतजावत गर्ने मुख्यमार्ग भएको र तराईका विभिन्न जिल्ला जोडिने सहायक मार्ग भएको कारण व्यस्त सडकको रुपमा चिनिन्छ ।

जडिबुटी देखि सूर्यविनायक सम्मको सडकमा चार वटा नगरपालिकाले छोएको छ । यस्तो व्यस्त सडकमा सडक डिभिजन कार्यालय भक्तपुर, काठमाडौं महानगर, सूर्यविनायक नगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिकाको ध्यान केन्द्रित हुनुपर्ने हो ?तर हुनसकेको छैन् ।चालक राजेन्द्र श्रेष्ठ ट्राफिक सचेतना बोर्डले धेरैनै दुर्घटना रोक्ने बताउँछन् । 'सडकमा गुडिरहँदा प्रायः आँखा दायाँबायाँ रहेका ट्राफिक बोर्डहरुमा गइरहन्छ । बोर्डहरुबाट धेरैकुरा सिक्न सकिन्छ । कतै दुर्घटना क्षेत्र भनेका हुन्छन् । बोर्ड पढेपछि गाडिको रफ्तार कम गर्छु, कतै साँघुरो मोड हुन्छ । बोर्डकै कारण रफ्तार कम गरिहालिन्छ। कतै पहिरो खस्ने बोर्ड हुन्छन, त्यस्तो ठाउँमा चनाखो भएर चलाइन्छ कतै स्कुल क्षेत्र हर्न निषेध लेखेको हुन्छ। त्यस्तो ठाउँमा बजाउनुपर्ने अवस्थामा पनि हर्न बजाईंदैन । कतै चौबाटो हुन्छन् । जानुपर्ने गन्तव्य पहिल्याउन बोर्डले धेरै सहज हुन्छ' चालक श्रेष्ठले भने । कुराकानीकै कम उनी भन्छन्, 'यस्तो ६ लेनको फराकिलो बाटोमा सवारीसाधनको रफ्तार बढ्ने हुनाले जेब्राक्रसको पनि सचेतना बोर्ड राखिदियो भने चालकलाई अझ सहजहुने र त्यस्तो ठाउँमा सजिलै आफ्नो सवारी नियन्त्रण गर्न सकिनेछ ।' यसको कारणले पनि दुर्घटना भएको उनले धेरै पटक देखेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चुनदेवीका प्रहरी निरीक्षक प्रकाश बस्नेतसवारी चालकहरुलाई यस्ता जानकारीमुलक बोर्डले चालकलाई सवारीसाधन नियन्त्रण गर्न सहज हुने र दुर्घटना न्यूनीकरणमा बोर्डको महत्वपूर्ण भूमिका हुने हुनाले सवारीसचेतना बोर्ड जस्तो कुरामा नगर र सडक विभागको ध्यान नजानु दुखद रहेको बताउँछन् ।

उनी कार्यालयसँग बजेटको अभाव भएकोले सबै बोर्डहरु फेर्न नसकेपनि केहि नयाँ बोर्डहरु फेरेका र केहि व्यापारिक संस्थासँग सहकार्य गरिराख्ने कार्ययोजना रहेको बताउँछन् ।

भक्तपुर नगरपलिकाका मेयर सुनिल प्रजापतिले पुर्वमा बाचामारी देखि राधेराधेसम्मको एकतर्फी लाइन यो नगरभित्र पर्ने र प्रायःजसो बोर्डहरु खुइलिएको नासिएको देखिएको हुनाले केन्द्रका एसपीसँग पनि सहकार्य गरी भक्तपुरको ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीहरुसँग सहकार्यगरी अगाडी बढ्ने बताए । महानगरीय ट्राफिक महासाखा काठमाडौंका सूचना अधिकृत एसपी सन्जिव शर्मा दासले भने, 'ट्राफिक प्रहरी सवारी आवागमनको सहजता र सडक सुरक्षार्थ खटिने हुनाले सचेतना बोर्डमा त्यति ध्यान नजानसक्छ सचेतना बोर्ड फेर्नेकाम सडक बिभाग र नगरपालिकाको हो ।'यो फेर्नको निमित भक्तपुरका नगरपालिकाहरुसँग छलफल भएको पनि उनले बताए । उनका अनुसार यी र यस्ता बोर्डहरुले सवारीचालक मात्र नभएर सडकमा हिँड्ने बटुवालाई समेत ट्राफिक सचेतना दिन सकिनेहुनाले छिट्टै नै फेर्नुपर्नेछ । यस विषयमा मध्यपुरका मेयर मदन सुन्दर श्रेष्ठलाई सम्पर्क गर्दा फोन सम्पर्क हुन सकेन् । नगरपालिकाका सूचना अधिकृत केशब शिलवालसँग सम्पर्क गर्दा उनले यो यस विषयमा आफ्नो क्षेत्रको वडाले हेर्नुपर्ने फितलो जवाफ दिए ।काठमाडौंको जडिबुटीदेखि धुलिखेल हुँदै सिन्धुली, बर्दिबास सम्मकोसडक नेपाल सरकारको धुलिखेल, सिन्धुली, बर्दिबास सडक आयोजना अन्तर्गत पर्ने भएको र त्यस सडक अन्तर्गतका छ लेन बाटोको दायाँबायाँका ट्राफिक सचेतना बोर्डहरु सडक आयोजनाले नै फेर्नुपर्ने नियम रहेकोहुनाले सडकको दायाँबायाँ रहेका ट्राफिक सचेतना बोर्डहरु सो आयोजनालेनै फेर्नुपर्ने र यो आर्थिक बजेटको टेण्डरद्वारा सम्पुर्ण बोर्डहरु फेरिने आयोजनाका इन्जिनियर गिताञ्जली कोइरालाले बताइन् । यो टेण्डर कहिले हुने कहिले सकिने निश्चित भने नभएको उनको भनाइ छ ।

सुनसरी डायरी
तेजबहादुर बन/मध्यान्ह

# एक महिनापछि संक्रमण मुक्त इटहरीको माया घर



सडकमा बेवारिसे, अनाथ र अशक्त ज्येष्ठ नागरिकहरूको संरक्षण गर्दै आएको इटहरीस्थित माया घर नेपाल अन्तत एक महिनापछि कोरोना संक्रमणबाट मुक्त बनेको छ ।नयाँ भरेयन्टसहित देखा परेको कोरोना संक्रमणबाट इटहरीस्थित माया घरका ४१ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । गत असार २९ मा ५० जनाको स्वाब परीक्षण गर्दा ४५ जनामा कोरोना पोजेटिभ देखिएको थियो । कुल ८२ जनालाई संरक्षण गर्दै आएको माया घर नेपाल कोरोनाबाट ग्रस्त बनेपछि सुरूवाती समयमा दैनिकी गुजार्न निकै कठिन परेको संस्थाकी प्रतिनिधि पार्वती भट्टराईले मध्यान्हलाई बताइन् ।

इटहरीमा रहेका सामाजिक संस्था तथा अभिभावक उपमहानगर तथा स्वास्थ्यकर्मीहरूको निरन्तर साथ, सहयोग र हौसलाले अन्तत एक महिनापछि माया घर कोरोनाबाट मुक्त बनेको संस्थाकी प्रतिनिधि भट्टराईले बताइन् ।

सामान्य रूघा खोकी र ज्वोरोको समस्या देखिएपछि आश्रितहरूलाई इटहरीकी उपमेयर लक्ष्मी गौतमको पहलमा कोरोना परीक्षण गरिएको थियो । स्वाब परिक्षणबाट ३२ जना र बिना लक्षणका १३ जनामा कोरोना पोजेटिभ देखिएको थियो। एक महिना लामो संघर्षपछि कोरोनासहित अन्य रोगहरुबाट पनि मुक्त भएलगत्तै अब माया घर नेपाल खतरामुक्त रहेको संस्थाकी प्रतिनिधि भट्टराईले जानकारी दिइन् । इटहरीसहित अन्य शहर हरूको सहयोगबाट सञ्चालन हुँदै आएको माया घरमा अहिले पनि भने जस्तो औषधि उपचार हुन नसकिरहेको बुझिएको छ ।

भनेको समयमा खाद्यान्न जुटाउन मुस्किल भइरहेको त्यसमा पनि माया घरमा आश्रित अधिकांश मानसिक रोगी रहेकाले उनीहरूको लालन पालन र संरक्षण गर्न पनि समस्या भइरहेको बुझिएको छ। यता कोरोना पोजेटिभ देखिएकै समयदेखि इटहरी अस्पतालले बिरामीहरूको दैनिक अवस्थाबारे मोनिटरिङ गर्दै आवश्यकीय औषधि उपचार उपलब्ध गराउँदै आएको र अहिले पनि नियमित स्वास्थ्य चेकजाँच अनुसार औषधिहरू उपलब्ध गराउँदै आएको अस्पताल अन्तर्गत इमरजेन्सी शाखाका प्रमुख रामकुमार धमलाले मध्यान्हलाई बताए । बीचमा त्यस्तो समस्या आएको खण्डमा अस्पतालबाटै स्वास्थ्यकर्मी खटाएर चेकजाँच गर्न सकिने उनले बताए ।

## खोलाले धार परिवर्तन गर्दा झोलुङ्गे पुल जोखिममा

मोरङको लाटि खोलामा आएको बाढीले प्रशिद्ध झोलुङ्गे पुल जोखिममा परेको छ । केहि दिनयता परेको अविरल वर्षाका कारण खोलाले धार परिवर्तन गर्दै डिल भत्काउन थालेपछि फोक्लेन टापु जोड्ने झोलुङ्गे पुल जोखिममा परेको हो ।

खोलाले मोरङको सुन्दर हरैंचा ५ स्थित उक्त पुलको डिल भत्काउन थालिसकेको छ भने जोखिम पनि त्यतिकै बढाएको छ । पुलको विषयमा थप अध्यन गर्न सुन्दरहरैंचा नगरपालिकाका प्रमुख प्रसाशकीय अधिकृत डा.कृष्णबहादुर घिमिरेसहितको टोलिले अनुगमन गरी फर्किएको छ । स्थानीयबाट बहावले पुलतर्फ कटान गर्न थालेको भनेर स्थानीयबाट सूचना पाएपछि हाललाई रोकथामको काम सुरू गरिएको वडाध्यक्ष रामप्रसाद रिजालले मध्यान्हलाई जानकारी दिए । प्रमुख प्रशासकीय अधिकृत डा.घिमिरेले तत्कालका लागि खोलाको बहाव परिवर्तन गर्ने काम गरिएकोमा पुलमा थप क्षति हुन नदिन तराजाली लगाउन आवश्यक रहेको देखिएकाले त्यसतर्फ अघि बढ्ने बताए । मोरङ क्षेत्र नम्बर ६ का सांसद् तथा पूवमन्त्री लालबाबु पण्डितको पहलमा निर्माण सम्पन्न भइ गतवर्ष फागुनदेखि मात्र सो पुल सञ्चालमा आएको थियो । पुल निर्माण भएपछि सुन्दरहरैंचा ५ फोक्लेन टापुका करिव ६० घरपरिवारलाई वडा कार्यालय र नगरपालिका पुग्न सहज भएको छ ।

यता स्थानीयबासीले समेत तत्काल पुल संरक्षण नगरिए पुल नै बगाउने अवस्था सिर्जना हुने गुनासो गरेका छन् । खोलामा पानीको बहाव बढेसँगै पुल जोखिममा परेको र तत्काल संरक्षणको निमित्त सम्बन्धित सरोकारवालाहरूले कुनै चासो नराखे भोलीको दिन ठूलो क्षति हुन सक्ने वडा सदस्य पर्शुराम घिमिरेले बताए । पुलमा क्षति पुगेको अवस्थामा एकातर्फ स्थानीयलाई आवतजावतमा समस्य हुन्छ भने अर्कोतर्फ राज्यको करोडौंको सम्पती खेर जाने अवस्था सिर्जना हुने देखिन्छ ।

# दार्चुलाको दुहूँमा बाढी पहिरोमा परी तीन जनाको मृत्यु

## दुईजनाको हेलिकप्टरबाट उद्धार



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १४ भदौ ।

दार्चुलाको दुहूँ गाउँपालिकामा पहिरोमा परी तीन जनाको मृत्यु भएको छ भने अन्य दुई जना बेपत्ता भएका छन्। पहिरोमा परी घाइते भएका दुई जनालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको छ ।

दुहूँ गाउँपालिका वडा नम्बर ५ का जनक पार्की र उजेली डडाललाई नेपाली सेनाको हेलिकोप्टरमार्फत धनगढीमा उपचार गर्नका लागि उद्धार गरिएको हो । दुबै जनाको उपचार धनगढीमा हुने जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी नायब उपरीक्षक मनोहर भट्टले मध्यान्हलाई जानकारी दिए ।

बाढीले घर, पुल र लघुजलविद्युतसमेत बगाएको छ। आइतबार राति आएको बाढीपहिरोमा परी दुहूँ गाउँपालिका र महाकाली नगरपालिकाका विभिन्न क्षेत्रमा धनजनको क्षति भएको हो । खोलाहरुमा रहेको तीन वटा झोलुंगे पुलहरु तथा एउटा आरसीसी पक्की पुल पनि बगाएकाले आवत् जावत् गर्नसमेत निक्कै समस्या भइरहेको छ। वडा नम्बर ५ मा रहेको कालागाड जलविद्युत् योजनामा पनि ठूलो क्षति भएको छ। त्यस्तै दुहूँ गाउँपालिका वडा नम्बर ३ मा निजाङ खोलाको मोटर पुल बगाएको छ । दार्चुला तिंकर सडक खण्डको निजाङ खोलाको मोटर पुल बगाएको हो । श्रीबगडको नजिकै २ ओटा घर पनि पूर्ण रुपमा क्षति भएको छ। निरन्तर भीषण वर्षाका कारण जिल्लाभरीका नदी नालाहरुमा पानीको सतह बढेसँगै बाढी पहिरोले बबण्डर मच्चाएको छ ।

# मनाइयो कृष्ण अष्टमी, कृष्ण मन्दिर प्रवेशमा रोक





**काठमाडौं/मस-** यस वर्षको श्रीकृष्ण जन्माष्टमी पर्व मनाइएको छ । काठमाडौं उपत्यकाको सबैभन्दा पुरानो पाटनको मंगलबजारस्थित कृष्ण मन्दिरमा सोमबार भक्तजनको घुइँचो लागेको थियो तर मन्दिरमा भक्तजनहरुलाई भने छिर्न दिइएको थिएन । हरेक वर्ष भाद्र कृष्ण जन्माष्टमीका दिन मन्दिरमा ठूलो मेला लाग्ने गर्दछ तर यो वर्ष भने ब्रतालु भक्तजनहरु र दर्शनार्थीहरुलाई कोभिडको जोखिमका कारण मन्दिर प्रवेश गर्न रोक लगाइएको पुजारी प्रतापधर राजोपाध्याले बताए ।

त्यस्तै गोठाटार भैमालस्थित श्री कृष्ण प्रणामी मन्दिरमा पनि कृष्णाअष्टमीका दिन ठूलो मेला लाग्ने गर्दछ। त्यहाँ पनि कोभिडका कारण मन्दिर प्रवेशमा रोक लगाएको थियो ।

नित्य पुजा, पाठ बाहेक दर्शनार्थी र श्रदालु भत्तजनलाई मन्दिरको बन्द गेटभित्र मुर्ती राखेर पुजाआजा गर्न दिइएको पुजारीले बताए ।ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा यस दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिन्छ । कंशको अत्याचारबाट मानव जातिलाई मुक्ति दिन वासुदेव र देवकीको आठौं गर्भबाट भगवान विष्णुको आठौं अवतारका रुपमा आजैका दिन भगवान श्रीकृष्णको जन्म भएको धार्मिक जनविश्वास रहेको छ ।

# सरकारकै निर्देशन मान्दैनन् मन्त्री



गृह मन्त्रालयले कोरोनाबाट जोखिम मानिएका जिल्लाहरूमा निषेधाज्ञा जारी गर्दै भिडभाड एवम् सभा सम्मेलन गर्न नदिन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिइरहेको बेला सुनसरीमा भने प्रशासनकै संरक्षणमा दैनिक जसो सभा सम्मेलन हुँदै आएको छ। सरकारले जारी गरेको निषेधाज्ञालाई उल्लघंन गर्दै बहालवाला मन्त्रीहरू नै सभा सम्मेलनमा सकृय भइरहेको पाइएको छ । सरकारका प्रवक्ता एवम कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्की गत भदौ १० गते र १२ गते सुनसरीको विभिन्न स्थानमा भएको सभा सम्मेलनमा प्रत्यक्ष सरिक हुँदै आएका छन् । जिल्ला प्रशासनको कार्यालय सुनसरीले मातहतका स्थानीय तहहरुमा कुनै प्रकारको भिडभाड तथा सभा सम्मेलन नर्गन निर्देशन दिइरहेको बेला प्रहरी प्रशासनकै संरक्षणमा सम्मेलन हुँदै आएका छन् । सुनसरी क्षेत्र नं ४ का प्रतिनिधि सभा सदस्य समेत रहेका मन्त्री कार्की भदौ १० गते सुनसरीको कोशी टप्पु बन्यजन्तु आरक्षणभित्र आयोजित सभामा सम्बोधन गर्न पुगेका थिए भने सोहि कार्यक्रमबाट विभिन्न स्थानीयतह अन्तरगत पर्ने सडकहरू शिलान्यास गरेर फर्किएका थिए । उनले कोशी टप्पु बन्यजन्तु आरक्ष पुग्नु अघि विराटनगर विमानस्थलमै पत्रकार हरूसँग भेटघाट गरेका थिए ।

त्यसको दुई दिन पश्चात १२ गते मन्त्री कार्की सुनसरी आएर पुनः सभा सम्मेलनमा सकृय रहेका थिए । १२ गते मन्त्री कार्कीले सुनसरीको इनरूवा नगरपालिका हुँदै रामधुनी नगरपालिकाको वडा नं.४ भित्र बैठारदेखि ठाकुरबारी सम्मको कालोपत्रे बाटो १८ कि.मी सडकको शिलान्यास गरेका थिए । अगाडी र पछाडी सुरक्षाकर्मीहरू र लामवद्ध सवारीसाधनसहित सयौं कार्यकर्ताहरूबीच उनले सडक शिलान्यास कार्यक्रममा सहभागि जनाएका थिए । त्यस्तै सोहि दिन सरकारी गाडीमा झण्डा फहराउँदै मन्त्री कार्की बराहक्षेत्र नगरपालिकाको वडा नं ८ मा निर्माण सम्पन्न भएको पुलको उद्घाटन, बराहक्षेत्र ६ स्थित भानु आधारभुत विद्यालयको भवन शिलान्यास र बराहक्षेत्रकै ११ मा एम्बुलेन्स हस्तान्तरण कार्यक्रममा समेत दलबलसहित सहभागि भएका थिए । यता नेपाल सरकारकै स्वास्थ्य मन्त्रालयले सुनसरीसहित प्रदेश एकको तीन जिल्लालाई कोरोना संक्रमणका कारण रेड जोनमा राखेको छ । ५०० जना सकृय संक्रमित रहेका जिल्लाहरूलाई मन्त्रालयले रेडजोनमा राख्ने गरेको छ ।

सोहि अनुरूप सुनसरीलाई पनि मन्त्रालयले खतराको सूचीमा राखेकै बेला सरकारका प्रवक्ता एवम् कानूनमन्त्री ज्ञानेन्द्रबहादुर कार्की आफैं असावधानी अपनाउँदै सभा सम्मेलनमा सरिक हुँदै आएका छन् । यस विषयमा सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालसँग सम्पर्क गर्दा उनले मन्त्री कार्की सुनसरी आएको जानकारी भएपनि कुनै सभा सम्मेलनबारे जानकारी नआएको बताए। यसैबीच जिल्ला प्रशासनको कार्यालय सुनसरीले सोमबार निषेधाज्ञालाई कडाइ बनाउने निर्णयसहित एक साता थप गरेको छ । यस अघि १४ गते सम्म रहेको निषेधाज्ञालाई थप गर्दै प्रशासनले भदौ २२ गते राति १२ बजे सम्म पुऱ्याएको छ । यो अवधिमा जिल्ला भित्र कुनै सभा सम्मेलन गर्न नपाइने, धार्मिक कार्यहरू गर्न नपाइने र भिडभाड गर्न नपाइने भएको छ। बाँकि सबै यथावत् रहेको जनाइएको छ ।

## सिन्धुपाल्चोकमा पहिलोपटक कन्या पूजा

**सिन्धुपाल्चोक/मस-** सिन्धुपाल्चोक जिल्लाको चौतारा स्थित पुरानोबजारमा रहेको गणेश मन्दिर परिषरमा पहिलो पटक सामुहिक कन्यापूजा गरिएको छ । कन्या पुजामा रजस्वला नभएका र बेलविवाह नगरेका कन्याहरुको पूजा गर्ने प्रचलन रहेको छ ।

श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर नेवाः कन्याहरुलाई नुवाईधुवाई गरी गणेश मन्दिर परिसरमा आसन गराएर दर्शनार्थी हरुमार्फत ती कन्याहरुलाई पूजाआजा गरी भक्तजनहरुले विभिन्न किसिमका फलफुल, श्रृङ्गारका सामान, नैवेद, आदी चढाएर पुजा गर्ने चलन छ । कन्याहरुलाई सो दिन उच्च सम्मानका साथ पुजिने गरिन्छ साथै नेवारी समुदायमा वेल विवाह नगरिएका र रजस्वला नभएका कन्यालाई शुभको प्रतिक मानि पूजा गरिन्छ। पहिलो पटक गरिएको सो पूजामा २५ जना नेवाःकन्याहरुको सहभागिता रहेको थियो ।

## सम्पादकीय

### चिन्ता नगरिएको जनस्वास्थ्य

ललितपुर महानगरपालिकाले कर नतिर्नेको घरघर पुगेर झ्याली पिट्यो । बाजा बजाएर कर नतिर्नेको घर पुग्नुको मक्सद बद्नाम गराउने र जसरी पनि पैसा लिने हो । संभवतः कर तिर्न अटेर गर्ने र नतिर्नेलाई अनेक ताकेता गरियो, होला । पटकपटक सूचना प्रकाशित भयो होला । तर कर तिर्न आएनन् । यसपछि झ्याली पिटेर कर नतिर्नेको घर पुगेर खिसी गरियो । यसले दुई वटा सन्देश गयो– पहिलो, कर नतिरे बद्नाम भइन्छ । दोस्रो, कर उठाउने महानगरले सक्रियता देखाइरहेको छ । यी त भए अनुमानका कुरा । तथ्य सार्वजनिक गर्न अरू विकल्प अपनाउनुपर्ने हुन्छ । तर सारांश भने कर उठाउन महानगर घरघर पुगेर झ्याली पिट्नेछ ।

एकातिर कर उठाउन झ्याली पिटिएको समाचार आइरहँदा राजधानी उपत्यका भने फोहरको थुप्रोले डुंगडुंती गन्हाइरहेको थियो । दुई हप्तादेखि फोहर नउठ्दा राजधानी शहर गन्हाउन पुगेको हो । प्राविधिक कारण देखाएर महानगर पञ्छियो । तर फोहर नउठेको र शहर दुर्गन्धित बनेको भने तथ्य हो । यसको असर भने राजधानीको स्वास्थ्यमाथि परेको छ । जबकी घरको फोहर उठाउन सरकारलाई नियमित पैसा बुझाउने गर्छन् । घरभेटीहरूले बहालवालासँग फोहरको भनेर कडाइका साथ पैसा उठाउने गर्छन् भने महानगरलाई उनीहरूले कर बुझाउँछन् । अर्थात् एकातिर कर नबुझाउनेको घरमा झ्याली पिट्ने र अर्कातिर कर तिरेर पनि महानगरले फोहर नउठाउने परिदृष्य देखिएको छ । तर महानगरले कर नतिर्नेलाई बद्नाम गराउने खोजे जस्तो विधिले मात्रै फोहर नउठे बापत सजायले पुग्दैन ।


किनकि यो त जनस्वास्थ्यसँग जोडिएको विषय हो । त्यसैपनि सरकारले जनस्वास्थ्य माथि सधैं लापरबाही गर्नेगरेको छ । अहिले केही सुधार भएपनि राजधानी शहर धुलोले हिड्न लायक रहँदैन । खाद्यवस्तुको गुणस्तरमा सरकारको निगरानी उतिकै फितलो छ । महँगी बढाइरहने, तर गुणस्तरयुक्त खाद्यवस्तुको उपलब्धतामा सरकार चुक्दै आएको छ । गुणस्तरहीन खाद्यवस्तु भेटिने शृङ्खला टुट्न सकेको छैन । जबकी एउटा राज्यले सधैं नागरिकको जीवन रक्षालाई प्राथमिकतामा राख्नुपर्छ । स्वच्छ बातावरणमा बाँच्न पाउनु नागरिकको संविधान प्रदत्त मौलिक हक समेत हो । जसमा सरकारको उचित ध्यान पुग्न सकेको छैन । अझ भनौं जनस्वास्थ्य जस्तो संवेदनशील विषयमा सरकारले दीर्घकालीन योजना साथ अगाडि बढ्ने जमर्को नै गर्न सकेको छैन ।

## सामाजिक सञ्जाल



केही कमरेडहरूको कुरा सुन्ने अवसर मिल्यो– हामी एमाले, सुर्य र जबज कसरी छोड्न सक्छौ ? त्यही नै हाम्रो जीवनभरिको कमाइ हो । सुने, यती मात्र भने– ठीक छ, नछोड्नुस्, तर चुनावमा साढे ३ वर्षलाई कसरी व्याख्या गरेर भोट माग्नु हुन्छ ? फेरी पार्टी फोड्न र संसद विघटन गर्न भोट दिनुस भन्नुहुन्छ ?

**- डम्मर खतिवडा**



कम्युनिस्ट भीडमा होइन सत्यमा विश्वास गर्दछन । यसको एउटा बलियो शर्त छ, अल्पमत होस् तर, सत्यको बाटो नछोड । तिमीसँग सत्य छ भने त्यो एकदिन शक्तिमा बदलिन्छ । सत्य भुलेर भीडपछि लाग्ने कम्युनिस्ट हुन सक्दैनन् । त्यो मात्र असल कम्युनिस्ट हो, जसले जस्तोसुकै प्रतिकूल परि स्थितिमा पनि सत्यको वकालत गर्छ ।

**- आस्था केसी**




शास्त्रहरू मध्येमा भागवत गितामा शरीर के हो ? परमात्मा के हो ? आत्मा के हो ? ध्यानयोग, भक्तियोग, कर्मयोग साथै वास्तविक प्रेम के हो ? भन्ने विषयमा अत्यन्तै सरल ढंगले भगवान श्रीकृष्णले बताउनु भएको छ । सम्पुर्णँ गिता ज्ञानका उनै आराध्य भगवानप्रति कोटि कोटि नमन गरौं ।

**- मदन कुमार**



पुराना पार्टीका नेताहरू भ्रष्ट त छन नै विदेशीले जन्माएका दलाल पनि हुन् ? फाटेका दौरा सुरूवाल, धोती र सिएको चप्पलमा देखिएको हो नै, उधोग धन्धा सबै बेचे । बाँकी रहेको नेपाल वायु सेवा र आयल निगमबाट अर्बौ भ्रष्टचार गरे । अख्तियार अदालतले भ्रष्ट नेतालाई सफाई दिन्छ, कार्यकर्ता माला लगाईदिन्छन् । कति दुःख लाग्दो बिडम्बना छ ।

**- पुरूषोत्तम ढुंगेल**



जम्माजम्मी २९, मन्त्रीका दाबेदार २८, भागमा परेका ६ मन्त्री, २९ औँ नम्बरको सांसद, जो एकल मन्त्री छनौटको अधिकार लिएको छ, विधि र पद्धतिको कुरा गर्छ, उसलाई निकै सकस छ मन्त्री छान्न । उ चाहन्छ फुटाउन ल्याएको अध्यादेशलाई निष्क्रिय पारेर विधि र पद्धतिमा खलल नपारी ६ मन्त्रीको सिफारिस गरौँ ।

**- केदार मरासिनी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# कुशल राष्ट्रवादी नेताको खोजी !

युद्धमा फसेको मुलुकको भन्दा डरलाग्दो र भयावह अवस्थामा आर्थिक क्षेत्र फसेको छ । त्यहाँबाट कसरी मुलुकलाई पार लाउने भन्ने आन्दोलन कहिले कसले गर्ला र हेर्न पाइएला भन्ने चिन्ता जनताको मनमा छ । विकास निर्माणको निमित्त, जनजिविकाको सवालमा, भ्रष्टाचार नियन्त्रण गर्न, सुशासन कायम गर्न, दबिएको वर्ग र क्षेत्रलाई माथि उठाउन, उद्योगधन्दा, कलकारखाना स्थापना गर्न, विदेशीएका नेपालीलाई स्वदेश फर्काएर रोजगारी दिनको निमित्त हुने आन्दोलन कहिले हेर्न पाइएला ?



● जनकराज पाठक

> सधैंभरि सत्तापक्षले विपक्षीलाई, प्रतिपक्षीले सत्तापक्षलाई प्रतिगामी देख्ने चश्मा दोषी हो कि ? नेताहरुको नियतमा खोट हो ? जनताले बुझ्न सकेका छैनन् । अझ यस्ता आन्दोलन कहिलेसम्म भइरहला थाहा छैन । यो कस्तो आन्दोलन रहेछ भने जसले जनताको जनजिविकाको सवाल, विकास र समृद्धि केही चिन्दैन र जान्दैन । आफू हुँदा सबै ठिक र आफू नहुँदा सबै गलत देख्ने आन्दोलन र यसको प्रभाव कति समय मुलुकले व्यहोर्नुपर्ने हो थाहा छैन ।

